कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०६/२०७९/०८०.

<u>निर्णय नं.</u> (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा मोरङ जिल्लाभरका लागि जिल्ला दररेट निर्धारण समिति, मोरङले स्वीकृत गरेको जिल्ला दररेटको परिधिभित्र रही कानेपोखरी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १५८ मा व्यवस्था भएको दररेट निर्धारण समितिले कानेपोखरी गाउँपालिका क्षेत्रभर निर्माण सामाग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला लगायतका दररेट तयार गरी बैठक समक्ष स्वीकृतीका लागि पेश गरेको स्थानीय दररेट उपर बैठकमा दफावार छलफल भयो र, उक्त दररेट आर्थिक वर्ष २०७९।०८० मा कानेपोखरी गाउँपालिका क्षेत्रभर लागू गर्ने गरी स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(पारित दररेट गाउँपालिकाको वेभसाइट मार्फत् सार्वजनिक गरिनेछ)

<u>निर्णय नं.</u> (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा कानेपोखरी गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७८ को नियम २४ को उपनियम (४) बमोजिम तयार भई बैठक समक्ष स्वीकृतीका लागि पेश हुन आएको **कानेपोखरी गाउँपालिकाको स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९** स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(स्वीकृत कार्यविधि गाउँपालिकाको वेभसाइटको राजपत्र महलबाट समेत सार्वजनिक गरिनेछ)

<u>निर्णय नं.</u> (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको बाहौं गाउँ सभा अधिवेशनद्वारा स्वीकृत नीति तथा कार्यक्रमको बुँदा नम्वर (१२) निर्देश गरे बमोजिम सुत्केरी गाई/भैंसी पालक कृषकलाई प्रोत्साहन स्वरुप उपलब्ध गराइने एक हजार रुपैंया बराबरको रकम सम्वन्धित गाई/भैंसी पालक कृषकलाई सोझै उपलब्ध गराउन देहायमा उल्लिखित कागजात तथा विधि सहितको आवेदन फारम र रकम वितरण गर्ने ढाँचा स्वीकृत गरी कार्यक्रम कार्यान्वयन प्रकृया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयको पशुपंक्षी विकास शाखा र सबै वडा कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>ढाँचा</u>

<u>श्री</u>

मितिः २०  ।  ।

श्री ..... नं. वडा कार्यालय,

कानेपोखरी गाउँपालिका, मोरङ।

विषयः <u>गाई/भैंसी सुत्केरी स्याहार भत्ता उपलब्ध गराई पाउँ।</u>

प्रस्तुत विषयमा यही मिति २०  ।  ।  गतेका दिन मैले पालेको गाई/भैंसी सुत्केरी भई बाछा/बाछी वा पाडो/पाडी ब्याएको छ। कानेपोखरी गाउँपालिकाको बाहौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नं. (१२) ले सुत्केरी गाई/भैंसी पालक कृषकलाई प्रोत्साहनस्वरुप एक हजार रुपैंया रकम उपलब्ध गराउने भन्ने व्यवस्था रहेकोमा उक्त रकम उपलब्ध गराई दिनुहुन देहाय बमोजिमका कागजात

मिति २०७९।०४।२४ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय

पाना ।।१।।

राजमती इङ्नाम
अध्यक्ष

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०६/२०७९/०८०

तथा प्रमाण संलग्न राखी यो निवेदन पेश गरेको छु। मैले पेश गरेको व्यहोरा ठीक साँचो हो। फरक परे कानून बमोजिम सहुँला/बुझाउँला।

देहाय

१. सुत्केरी गाई/भैंसीको फोटो,

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

निवेदकको-

नाम, थरः

ठेगानाः कानेपोखरी गाउँपालिका .... नं. वडा

हस्ताक्षरः

सम्पर्क नम्वरः

निवेदक कृषकले पालेको गाई/भैंसी यही मिति २० । । गतेका दिन सुत्केरी भएको व्यहोरा ठीक साँचो हो भनी सहीछाप गरी दिने छिमेकी कृषकको-

नाम, थरः

नेपाली नागरिकताको प्रमाणपत्र नं.

सम्पर्क नम्वरः

हस्ताक्षरः

निवेदक कृषकको माग बमोजिम सुत्केरी स्याहार भत्ता उपलब्ध गराई दिनुहुन सिफारिससाथ अनुरोध गर्दछु।

जनप्रतिनिधिको नाम, थरः

हस्ताक्षरः

सम्पर्क नम्बरः

कानेपोखरी गाउँपालिकाको वाहौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नं. (१२) ले निर्देश गरे बमोजिम गाई/भैंसी सुत्केरी पालक कृषकलाई उपलब्ध गराइने प्रोत्साहन वापतको रकम रु. १,०००।०० (अक्षरुपी एक हजार मात्र) म कृषकले बुझी लिई यो भर्पाई गरी दिएँ।

प्रोत्साहन रकम बुझाउनेको-

नाम, थरः

हस्ताक्षरः

मितिः २० । ।

रकम बुझ्ने कृषकको-

नाम, थरः

हस्ताक्षरः

मितिः २० । ।

निर्णय नं. (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको बाहौं गाउँ सभा अधिवेशनद्वारा स्वीकृत नीति तथा कार्यक्रमको बुँदा नम्वर (५३) ले निर्देश गरे बमोजिम मृत्यु संस्कार व्यवस्थापन खर्च देहायमा उल्लिखित परिवारलाई उपलब्ध गराउने र, उक्त परिवारलाई उपलब्ध गराइने मृत्यु संस्कार व्यवस्थापन खर्च वितरणका लागि तपसिलमा उल्लिखित कागजात तथा विधि सहितको निवेदकले भर्नुपर्ने आवेदन फारम र रकम वितरण गर्ने ढाँचा स्वीकृत गरी कार्यक्रम कार्यान्वयन प्रकृया अघि वढाउन गाउँ कार्यपालिकाको

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्या: २/०६/२०७९/०८०

कार्यालयको महिला विकास उपशाखा र, सबै वडा कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

(क) मृत्यु संस्कार खर्च उपलब्ध गराइने लाभग्राही परिवार:

आफ्नो र एकासगोल परिवारको स्वामित्वमा जग्गा जमिन नभएका मुसहर (ऋषिदेव), सन्थाल, राजबंशी, धिमाल, मधेशी, मुस्लिम, दलित तथा अन्य समुदायका परिवार वा गाउँपालिका क्षेत्रभित्र बसोबास गरी रहेका नेपाली नागरिकता प्रमांणपत्रविहिन परिवार।

पुनश्चः वेवारिसे अवस्थामा फेला परेको मृतकको शव व्यवस्थापन समेतमा उक्त रकम खर्च गर्न सकिनेछ। तर, ऐलानी वा पर्ती जग्गामा पक्की संरचनाका घर बनाई बसोवास गरी रहेका वा एकासगोलको परिवारभित्रका कुनै सदस्यले सरकारी वा सामुदायिक वा निजीस्तरमा मासिक वीस हजारभन्दा वढी सेवा/सुविधाको रकम भुक्तानी लिई रहेका उल्लिखित समुदायका परिवारलाई भने यो कार्यक्रममा समावेश गरिने छैन।

दृष्टव्य: "पक्की संरचनाका घर" भन्नाले इँटा वा ढुङ्गाको गारो छत ढलान गरेको घरलाई सम्झनुपर्छ।

(ख) आवेदनको ढाँचा:

श्री

मितिः २० । ।

श्री .... नं. वडा कार्यालय,

कानेपोखरी गाउँपालिका, मोरङ।

विषय: मृत्यु संस्कार व्यवस्थापन खर्च पाउँ।

प्रस्तुत विषयमा मेरो एकासगोल परिवारभित्रको ..................................(नाता के हो ? खुलाउने) को यही मिति २० । । गतेका दिन स्वर्गारोहण भएको छ। कानेपोखरी गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नं. (५३) ले व्यवस्था गरे बमोजिम मृत्यु संस्कार खर्च पाउने परिवार समुहभित्र म आवद्ध हाम्रो परिवार पनि पर्दछ। यही मिति २० । । गतेका दिन यस गाउँपालिकाको ... नं. वडा कार्यालयमा मृतकको मृत्यु दर्ता समेत भैसकेको हुँदा नीति तथा कार्यक्रमले व्यवस्था गरे बमोजिमको मृत्यु संस्कार खर्च उपलब्ध गराई दिनु हुन देहायमा उल्लिखित कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु। मैले पेश गरेको व्यहोरा ठीक साँचो हो। फरक परे कानून बमोजिम सहुँला/ बुझाउँला।

देहाय

१. मृतकको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी,
२. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

निवेदकको-

नाम, थर:
ठेगाना: कानेपोखरी गाउँपालिका .... नं. वडा
हस्ताक्षर:
सम्पर्क नम्बर:

मिति २०७९।०४।२४ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०६/२०७९/०८०

| | |
|---|---|
| निवेदकले प्रस्तुत निवेदनमा उल्लेख गरे बमोजिमका मृतकको यही मिति २० । । गतेका दिन ... नं. वडा कार्यालयमा तोकिएको समयावधिमै मृत्यु दर्ता भएको ठीक साँचो हो भनी सहीछाप गर्ने **स्थानीय पञ्जिकाधिकारीको-**<br>नाम, थरः<br>हस्ताक्षरः<br>सम्पर्क नम्बरः | निवेदकको परिवार वाह्रौं गाउँ सभा अधिवेशनद्वारा स्वीकृत नीति तथा कार्यक्रमको बुँदा नं. (५३) ले व्यवस्था गरेको मृत्यु संस्कार खर्च पाउने परिवार समुहभित्र पर्ने भएकाले मृत्यु संस्कार खर्च वापतको रकम उपलब्ध गराई दिनुहुन सिफारिससाथ अनुरोध गर्दछु।<br>जनप्रतिनिधिको नाम, थरः<br>हस्ताक्षरः |

कानेपोखरी गाउँपालिकाको वाह्रौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नं. (५३) ले व्यवस्था गरेको मृत्यु संस्कार खर्च वापतको रकम रु. ५,०००।०० **(अक्षरुपी पाँच हजार रुपैंया मात्र)** बुझी लिई यो भर्पाई गरी दिएँ।

| <u>रकम बुझाउने कर्मचारीको-</u> | <u>रकम बुझ्ने मृतकको परिवारको व्यक्तिको-</u> |
|---|---|
| नाम, थरः | नाम, थरः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः २० । । | मितिः २० । । |

## <u>निर्णय नं.</u> (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा सामी परियोजना मार्फत् चालु आर्थिक वर्षमा प्राप्त हुन आएको तथा आगामी आर्थिक वर्षमा प्राप्त हुन आउने बजेट सार्वजनिक खरिद ऐन, २०६३ तथा कानेपोखरी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ मा व्यवस्था भएको परामर्श सेवा खरिद मार्फत् गत/विगत आर्थिक वर्षमा सञ्चालन गरिएको पद्वति बमोजिम बिराटनगर महानगरपालिकाबाटै ठेक्का बन्दोबस्त गर्ने गरी सञ्चालन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो। यसका साथै ठेक्का बन्दोबस्तका लागि कानून बमोजिम केही समय लाग्ने देखिएकोमा ठेक्का बन्दोबस्त नहुञ्जेलसम्म कार्यक्रमलाई निरन्तरता दिनुपर्ने हुँदा बढीमा पाँच लाख रुपैंयासम्म खर्च गर्ने गरी परामर्श सेवा मार्फत् कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

## <u>निर्णय नं.</u> (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०७९ ले कानेपोखरी गाउँपालिकासँग सम्वन्धित औंल्याएको बेरुजु रकम, सुझाव तथा निर्देशनका विषयमा बैठकमा जानकारी भयो। प्रतिवेदनले औंल्याएको बेरुजु रकम फछ्यौंट गर्ने प्रकृया अघि बढाउन कानेपोखरी गाउँपालिकाको वाह्रौं गाउँ सभाद्वारा गठित सार्वजनिक लेखा समितिलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**मिति २०७९।०४।२४ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय**

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०६/२०७९/०८०

यसका साथै लेखापरीक्षण प्रतिवेदनले औंल्याएको सुझाव तथा निर्देशनलाई कडाईका साथ पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दै सार्वजनिक लेखा समितिलाई गाउँ कार्यपालिकाको कार्यालय मातहतका सबै विषयगत शाखा, राजस्व तथा आर्थिक प्रशासन शाखा, आन्तरिक लेखापरीक्षण उपशाखा तथा सम्वद्ध सबै वडा कार्यालयहरुले बेरुजु फर्छ्यौट प्रकृयामा सहयोग गर्ने व्यवस्था मिलाउने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (७)**

प्रस्ताव नं. (७) माथि छलफल गर्दा कानेपोखरी अस्पताल, बयरवनबाट उपलब्ध भैरहेको सेवालाई थप सुदृढ एवम् सर्वसुलभ बनाउन देहायमा उल्लिखित औजार/उपकरणहरुको तत्काल व्यवस्थापन गर्नुपर्ने देखिएकाले उक्त सामाग्रीहरु तत्काल खरिद गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालय र कानेपोखरी अस्पताल संञ्चालन तथा व्यवस्थापन समितिलाई देहाय बमोजिम निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहायः

| सि.नं. | तत्काल खरिद गर्ने औजार/उपकरणहरुको नाम | औजार/उपकरण खरिद गर्ने निकाय | औजार/उपकरण खरिदका लागि व्योहोरिने स्रोत |
|---|---|---|---|
| १. | CR Digital X-Ray Machine | गाउँ कार्यपालिकाको कार्यालय | अस्पतालमा सामाग्री व्यवस्थापन |
| २. | Colour Doppler Ultra Sound Machine | गाउँ कार्यपालिकाको कार्यालय | अस्पतालमा सामाग्री व्यवस्थापन शीर्षकमा विनियोजित बजेट नपूग भएमा समपूरक कोष |
| ३. | Electrolyte Analyzer Machine | कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति | कानेपोखरी अस्पतालको आन्तरिक स्रोत |
| ४. | Protein Analyzer Machine | कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति | कानेपोखरी अस्पतालको आन्तरिक स्रोत |

**निर्णय नं. (८)**

प्रस्ताव नं. (८) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०७९ को दफा १२ को उपदफा (१) को खण्ड (ङ) र (च) मा उल्लिखित छात्रवृत्ति व्यवस्थापन समितिका सदस्यहरु देहाय बमोजिम तोक्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

| सि.नं. | छात्रवृत्ति व्यवस्थापन समितिमा रहने गरी तोकिएका व्यक्ति तथा पदाधिकारीको नाम, थर र ठेगाना | ऐनको दफा १२ को उपदफा (१) को खण्ड (ङ) वा (च) मा उल्लिखित विधा |
|---|---|---|
| १. | अध्यक्ष [illegible] तोक्ने। | सामुदायिक विद्यालय (माविस्तर) का प्रधानाध्यापक |
| २. | " " | संस्थागत विद्यालय (माविस्तर) का |

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०६/२०७९/०८०

| | | प्रधानाध्यापक |
|---|---|---|
| ३. | श्री लिलादेवी भण्डारी, कानेपोखरी १ | शिक्षाविद्हरुमध्येवाट (महिला) |
| ४. | श्री रत्नबहादुर काफ्ले, कानेपोखरी २ | शिक्षाविद्हरुमध्येवाट (खुला) |

**निर्णय नं. (९)**

प्रस्ताव नं. (९) माथि छलफल गर्दा निःशुल्क शिक्षा, पालिकाको इच्छा कार्यक्रम सञ्चालनका लागि कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०७९ मा व्यवस्था भए बमोजिम गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कक्षा ११ र कक्षा १२ अध्ययन गर्न भर्ना भएका कानेपोखरीवासी विद्यार्थीहरुलाई क्रमशः निशुल्क अध्यापनको व्यवस्थापन मिलाउन सोही ऐनको दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको शीर्षकमा तपसिलमा उल्लेख भए बमोजिमको रकम चालु शैक्षिक वर्षमा गाउँपालिकाबाट व्योहोर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

| सि.नं. | कक्षागत शुल्कको शीर्षक | गाउँपालिकाबाट व्योहोरिने रकम |
|---|---|---|
| १. | भर्ना शुल्क (कक्षा ११) | रु. १,०००।०० |
| २. | मासिक शुल्क (कक्षा ११) | रु. ४,००।०० |
| ३. | भर्ना शुल्क (कक्षा १२) | रु. १,०००।०० |
| ४. | मासिक शुल्क (कक्षा १२) | रु. ४,००।०० |

**निर्णय नं. (१०)**

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनद्वारा सबै वडामा सञ्चालन हुने गरी स्वीकृत "ड्रेन सहितको सडक स्तरोन्नती बहुवर्षीय आयोजना" को सर्भे गरी विस्तृत परियोजना प्रतिवेदन निर्माण गर्न देहाय बमोजिम कार्य तथा प्रकृया अघि बढाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहायः

- सम्बन्धित वडा समितिको नेतृत्वमा पूर्वाधार विकास शाखाको प्रतिनिधि र वडाका प्राविधिक सम्मिलित टिमले स्थानीय सरोकारवालासँग समेत आवश्यक समन्वय गरी स्वीकृत आयोजनाको सर्भे कार्य गर्ने।
- सर्भे कार्यका लागि पूर्वाधार विकास शाखालाई आवश्यक पर्ने औजार उपकरण, जनशक्ति लगायत सर्भेसँग सम्वन्धित अन्य विविध कार्यका लागि लाग्ने खर्च सम्बन्धित शीर्षकबाट व्योहोर्ने गरी खरिद गर्ने व्यवस्था गाउँ कार्यपालिकाको कार्यालयले मिलाउने।
- बाह्रौं गाउँ सभा अधिवेशनद्वारा स्वीकृत नीति तथा कार्यक्रमको बुँदा नम्बर (६८) ले निर्देश गरे बमोजिम आयोजनाको सर्भे एवम् विस्तृत परियोजना प्रतिवेदन तयारीमा खटिने जनशक्तिलाई मापदण्ड

प्रमुख प्रशासकीय अधिकृत

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०६/२०७९/०८०

निर्माण गरी सोही बमोजिम सेवा सुविधा उपलब्ध गराउन गाउँ कार्यपालिका मातहतको विधेयक
समितिले मापदण्डको मस्यौदा तयार गरी कार्यपालिकामा स्वीकृतीका लागि पेश गर्ने।

- गाउँ कार्यपालिका मातहतको पूर्वाधार विकास समितिले सबै वडामा हुने सर्भे एवम् विस्तृत परियोजना प्रतिवेदन कार्यको अनुगमन गरी कार्यपालिकामा प्रतिवेदन गर्ने।

__निर्णय नं. (११)__

प्रस्ताव नं. (११) माथि छलफल गर्दा कानेपोखरी अस्पताल सञ्चालन व्यवस्थापन समितिको मिति २०७९।०३।२५ गतेको बैठकले आर्थिक वर्ष २०७९।०८० का लागि मस्यौदा तयार गरी कार्यपालिका समक्ष पेश गरेको कुल आय अनुमान रु. २,९५,४६,७७५।५१ र कुल व्यय अनुमान रु. २,९५,४६,७७५।५१ भएको कानेपोखरी अस्पताल, बयरवनको वार्षिक बजेट समिति मार्फत् स्वीकृत हुने गरी कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८ को नियम ५ को खण्ड (ख) बमोजिम समितिबाटै बजेट स्वीकृती गर्न परामर्श दिने निर्णय सर्वसम्मतीले पारित गरियो। यसका साथै उक्त अस्पतालवाट उपलब्ध हुने वहिरंग तथा अन्तरंग चिकित्सा सेवा, प्रयोगशाला सेवा तथा रेडियोग्राफी लगायतका अन्य सेवाका लागि अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०७९।०३।२५ गतेको बैठकले सिफारिस गरेको दररेट स्वीकृत गर्ने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

__निर्णय नं. (१२)__

प्रस्ताव नं. (१२) माथि छलफल गर्दा कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, सबै वडा कार्यालय, गाउँपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थावाट प्रवाह हुने सेवालाई प्रविधिमैत्री वनाउनका लागि सञ्चालनमा ल्याइएको अफिस अटोमेसन सिस्टमका सम्वन्धमा यस बैठकमा जानकारी भयो। उक्त अफिस अटोमेसन सिस्टममा व्यवस्था भएको मानव संशाधन प्रणाली वमोजिम गाउँपालिका क्षेत्रभित्रका सबै कर्मचारीहरुको अभिलेख राखी उक्त प्रणाली मार्फत् नै विदा, काज लगायतको क्रियाकलापहरु सञ्चालनमा ल्याउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

__निर्णय नं. (१३)__

प्रस्ताव नं. (१३) माथि छलफल गर्दा कानेपोखरी अस्पतालको वर्थिङ सेण्टरको माथिल्लो तलामा रहेको कोठालाई मर्मतसम्भार समेत गरी चिकित्सकका लागि थप एक वातानुकुलित आवास कक्ष निर्माण गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

__निर्णय नं. (१४)__

प्रस्ताव नं. (१४) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ बमोजिम कर्मचारी तथा पदाधिकारीलाई उपलब्ध गराइने मर्मत खर्च र इन्धन वापतको सुविधा देहाय बमोजिम



राजमती ... अध्यक्ष

उपलब्ध गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>देहायः</u>

- सवारीसाधन मर्मत वापतको सुविधाको रकम अर्द्ध वार्षिकरुपमा दामासाहीले सम्वन्धित पदाधिकारी तथा कर्मचारीलाई बैंक खाता मार्फत् सोझै उपलब्ध गराउने।
- इन्धन वापतको सुविधाको रकम प्रत्येक चौमासिकमा दामासाहीले सम्बन्धित पदाधिकारी तथा कर्मचारीलाई बैंक खाता मार्फत् सोझै उपलब्ध गराउने।
- आफ्नो स्वामित्वमा भएको सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी र सवारीचालक अनुमती प्रमाणपत्रको प्रतिलिपी पेश गर्ने सम्वन्धित गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र वडास्थित स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तंथा पदाधिकारीलाई मात्र इन्धन र सवारीसाधन मर्मत सुविधा वापतको रकम उपलब्ध गराउने।
- इन्धन तथा सवारीसाधन मर्मतको विल पेश गर्ने उल्लिखित कर्मचारी तथा पदाधिकारीलाई मात्र कार्यसञ्चालन निर्देशिकाले व्यवस्था गरे बमोजिमको रकम उपलब्ध गराउन सम्पत्ति व्यवस्थापन उपशाखाले लगत तयार गर्ने र राजस्व तथा आर्थिक प्रशासन शाखाले प्रमाणित लगतका आधारमा सम्वन्धित वजेट शीर्षकवाट रकम भुक्तानी दिने व्यवस्था मिलाउने।
- फिल्डमा खटिने कर्मचारीलाई कार्यसञ्चालन निर्देशिकाले तोकेको दर बमोजिमको सुविधाको इन्धनले नपूग हुन आएमा प्रमुख प्रशासकीय अधिकृतबाट माग फारम (मासिक बढीमा दश लिटरसम्म) स्वीकृत गराई थप इन्धन कुपन उपलब्ध गराउन सकिने।
- कार्यालयको स्वामित्वमा रहेको चारपाङ्ग्रे सवारीसाधन, शव वाहन, दमकल, सुरक्षा निकायका सवारीसाधन र प्रमुख प्रशासकीय अधिकृतले प्रयोग गर्ने सवारीसाधनका लागि प्रयोग हुने इन्धन कुपन मार्फत् उपलब्ध गराइने र सवारीसाधन मर्मतको रकम बिल बमोजिम भुक्तानी गर्ने।
- चारपाङ्ग्रे सवारीसाधन प्रयोग गर्ने अधिकारप्राप्त पदाधिकारी तथा कर्मचारीले आफूले प्रयोग गर्ने सवारीसाधनको लगबुक प्रमाणित गरी सवारीसाधनमा खपत हुने इन्धन कुपन जारी गर्ने व्यवस्था पदाधिकारी तथा कर्मचारी स्वयंले मिलाउने।
- इन्धन (सुरक्षा निकाय) शीर्षकमा विनियोजित स्वीकृत वार्षिक बजेटलाई मध्यनजर गर्दै गत/विगत आर्थिक वर्षदेखी विभिन्न सुरक्षा निकायलाई उपलब्ध गराउँदै आइएको इन्धनमा देहाय बमोजिम परिमार्जन गरी इन्धन उपलब्ध गराउनेः

| सि.नं. | इन्धन कुपन उपलब्ध गराइने सुरक्षा निकायको नाम | मासिक इन्धन कुपन (लिटर) |
|---|---|---|

१००९

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०६/२०७९/०८०

| | | |
|---|---|---|
| १. | इलाका प्रहरी कार्यालय, पथरी | ७० लि. (डिजेल) |
| २. | रमाइलो प्रहरी चौकी, कानेपोखरी ६ | ३० लि. (पेट्रोल) र १०० लि. (डिजेल) |
| ३. | अस्थायी प्रहरी चौकी, कानेपोखरी ७ | ३० लि. (पेट्रोल) |
| ४. | सशस्त्र प्रहरी वेस क्याम्प, बाहुनी | ६० लि. (डिजेल) |
| ५. | सशस्त्र प्रहरी वेस क्याम्प, पथरीशनिश्चरे | ३० लि. (डिजेल) |
| नोटः विशेष परिस्थितिमा उल्लिखित इन्धनले नपूग हुने देखिई सम्बन्धित सुरक्षा निकायबाट माग भई आएमा माग फारम स्वीकृत गरी थप इन्धन उपलब्ध गराउन सकिनेछ। | | |

निर्णय नं. (१५)

प्रस्ताव नं. (१५) माथि छलफल गर्दा गाउँपालिका क्षेत्रभित्रका विभिन्न स्थानका १५ वटा विद्युत पोलहरु सुरक्षाका कारण तत्काल स्थानान्तरण गर्नुपर्ने भनी पूर्वाधार विकास शाखाबाट पहिचान भई आएकाले उक्त विद्युत पोलहरु स्थानान्तरण गर्ने व्यवस्था मिलाउने र उक्त कार्यका लागि लाग्ने खर्च मर्मतसम्भार कोष (नियमित) बाट लेख्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (१६)

प्रस्ताव नं. (१६) माथि छलफल गर्दा स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ समस्या समाधान तथा सहजीकरण समितिमा देहायमा उल्लिखित जनप्रतिनिधिलाई सदस्यको रुपमा तोक्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहायः

क. २ नं. वडा सदस्य श्री भीमवहादुर कार्की, र,-

ख. ७ नं. वडा सदस्य श्री रुविना ताम्राकार वि.क.

निर्णय नं.-(१७)

प्रस्ताव नं. (१७) माथि छलफल गर्दा कानेपोखरी गाउँ कार्यपालिकाको मासिक बैठक प्रत्येक महिनाको ९ गते विहान ७.०० बजे कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, बगरवन, मोरङमा बस्ने र उक्त दिन सार्वजनिक विदा पर्ने भएमा विदाको भोलिपल्ट मासिक बैठक बस्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (१८)



राजमती इङ्नाम
अध्यक्ष

संतोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०६/२०७९/०८०

प्रस्ताव नं. (१८) माथि छलफल गर्दा लेटाङ नगरपालिकाले कानेपोखरीको क्षेत्रभित्र फलामको गेट निर्माण गर्न अनुरोध गरी पठाएको पत्रका विषयमा बैठकमा जानकारी भयो।

**निर्णय नं. (१९)**

प्रस्ताव नं. (१९) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूची १० को सि.नं. ६६, ६७ र ६८ मा व्यवस्था भएको राष्ट्रिय तथा सामुदायिक एवं निजी वनको काठ निकासी शुल्क नियमानुसार लेखाजोखा गरी सम्बन्धित क्षेत्रभित्रका वडा कार्यालयबाट असुल गर्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (२०)**

प्रस्ताव नं. (२०) माथि छलफल गर्दा देहाय बमोजिमका स्थानमा बाढीका कारण हुनसक्ने सम्भावित कटान रोकथाम गर्न बाँस पाइलिङका योजना सञ्चालन गर्ने र सो कार्यका लागि लाग्ने खर्च प्रकोप व्यवस्थापन कोषबाट व्योहोर्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहाय

**क.** १ नं. वडाको चिसाङ खोलाको विसनपुर (१५० मिटर लम्बिङ र ३ वटा स्पर) र बीरटोल (१५० मिटर लम्बिङ र ३ वटा स्पर)

**ख.** २ नं. वडाको चिसाङ खोलाको राजबंशी टोल (१०० मिटर लम्बिङ र २ वटा स्पर)

**निर्णय नं. (२१)**

प्रस्ताव नं. (२१) को विविध प्रस्ताव माथि छलफल गर्दा-

**क.** ५ नं. वडाको छकमल टोल स्थित श्री राधाकृष्ण तथा शिव मन्दिरमा रहेको रथको मर्मतसम्भार गरी श्री कृष्णाष्टमी पर्व मनाउनका लागि विभिन्न मेला, जात्रा, पर्व, महोत्सव आदि कार्यक्रममा सहयोग कार्यक्रम शीर्षकबाट खर्च लेख्ने गरी रु. ७० हजार बराबरको रकम सहयोग गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**ख.** भूउपयोग नियमावली, २०७९ ले व्यवस्था गरेको जग्गा बर्गीकरण गर्ने प्रयोजनको लागि सबै वडाका वडा समितिले स्थानीय राजनैतिक दल, विभिन्न संघ/संस्था लगायतका अन्य सरोकारवालासँग पर्याप्त अन्तर्क्रिया र छलफल गरी वडाभित्र भूउपयोग नियमावली बमोजिम गर्नुपर्ने भूउपयोग वर्गीकरणको सिफारिस गरी पठाउन सबै वडा समितिलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**



राजमती प्रधान
अध्यक्ष